स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



बलिउड अभिनेता सलमान खानको बहुप्रतिक्षित चलचित्र 'ब्याटल अफ गलवान' तोकिएको मितिमा रिलिज नहुने सम्भावना बढेको छ। अप्रिल १७ का लागि प्रदर्शन मिति तय गरिए पनि चलचित्रको पुन: छायाँन र केही प्राविधिक प्रक्रियाका कारण रिलिज टल्किने देखिएको हो। यद्यपि, निर्माण टोलीले यसबारे हालसम्म कुनै आधिकारिक जानकारी भने दिएको छैन।

**आजको विचार...**



६२...
(दुई पेजमा)

रिसव गौतम



अभिनेता भुवन केसीले वरिष्ठ कलाकार सुनिल थापाको निधनमा दु:ख व्यक्त गरेका छन्। सामाजिक सञ्जाल फेसबुकमा लेख्दै उनले नेपाली चलचित्र क्षेत्रले देशकै सबैभन्दा अब्बल कलाकार गुमाएको बताए। केसीले सुनिल आफ्ना लागि कलाकार मात्रै नभएर असल मित्र पनि रहेको बताएका छन्। 'नेपाली चलचित्र क्षेत्रले आज देशकै सबैभन्दा अब्बल कलाकार गुमाएको छ। किनकि सुनिल नेपाली चलचित्रमा मात्र नभई भारतीय सिनेमामा पनि स्थापित कलाकार थिए।

❐ वर्ष ३१ अंक १९४ ❐ २०८२ माघ २७ गते मंगलबार 10 February 2026, Tuesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार


### चार करोड ४० लाख बालकालिकालाई खोप लगाइयो

(रासस/सिन्ह्वा)

**इस्लामाबाद,** माघ २६/पाकिस्तानमा सन् २०२६ को पहिलो राष्ट्रव्यापी पोलियो विरोधी अभियान सफलतापूर्वक सम्पन्न भएको जनाइएको छ । अभियान अन्तरगत देशभरका चार करोड ४० लाख भन्दा बढी बालबालिकलाई खोप लगाइएको राष्ट्रिय आपतकालीन अपरेसन सेन्टरले सोमबार जनाएको छ । आधिकारिक तथ्याङ्क अनुसार पूर्वी पञ्जाब प्रान्तमा दुई करोड २९ लाख दक्षिणी सिन्धमा एक करोड पाँच लाख उत्तरपश्चिम खैबर पख्तुनख्वामा ७१ लाख ३० हजार र दक्षिणपश्चिम बलुचिस्तानमा २३ लाख ६० हजार भन्दा बढी बालबालिकाहरूलाई खोप लगाइएको थियो । यसै गरी अन्य क्षेत्रहरूमा राजधानी इस्लामाबादमा चार लाख ५५ हजार भन्दा बढी, उत्तरी गिलगिट-बाल्टिस्तान क्षेत्रमा करिब दुई लाख ६१ हजार र कश्मीरमा छ लाख ७३ हजार भन्दा बढी बालबालिकाहरूलाई खोप लगाइएको जनाइएको छ । स्वास्थ्य अधिकारीहरूले अभियानका सबै सहयोगीहरूलाई उनीहरूको सहयोग र सक्रिय सहभागिताका लागि धन्यवाद दिदै राष्ट्रव्यापी अभियान पोलियो उन्मूलनको प्रमुख कदम भएको उल्लेख गरेका छन् ।

# इन्टरनेटमा फस्दै बालबालिका

## सचेतना र सुरक्षित इन्टरनेटको अभाव मुख्य कारण



**रामचन्द्र रायमाझी**

**पाल्पा,** माघ २६/ अहिले ८ वर्ष पुगेकी तानसेन- ३ भगवती टोलकी मनिषा पाण्डेलाई अभिभावकले खुवाउने बेला विभिन्न किसिमका भिडियोहरु देखाउँथे । उनमा खाने बेला, पढ्नु अघि भिडियो हेर्ने बानी नै बस्यो । त्यसलाई अभिभावकले सामान्य नै ठाने । बिस्तारै उनी मोबाइलमा गेम पनि खेल्न थालिन् । त्यो देखेर अभिभावक खुसी हुन्थे ।

मनिषाको गेमप्रति लगाव बढ्दै गयो । त्यसपछि त उनी जत्तिबेला पनि मोबाइल खोज्न थालिन् । गत पुसमा ५ दिन इन्टरनेट नआउँदा उनले धेरै रिसाहा व्यवहार देखाइन् । अनलाइन हुन नपाउँदा आमाको फोन फ्याँकेर फुटाइदिइन् । त्यसबीचमा नबोल्ने, रुने पहिले नभएका स्वभाव पनि देखाइन् । त्यसपछि झस्केका अभिभावकले छोरीलाई मनोचिकित्सकबाट उपचार गराइरहेका छन् । दुई वर्ष पहिलेसम्म पढाइमा अब्बल रहेको छोरा विस्तारै कमजोर बन्दै जाँदा गुल्मी तम्घासकी अप्सरा परियार चिन्तित छन् । तीन कक्षामा अध्ययनरत १२ वर्षीय उनको छोरा प्रिन्स केही समयदेखि विद्यालयबाट कोठामा फर्किएपछि झोला र ड्रेस नै नखोली मोवाइलमा व्यस्त हुन्छन् । मोवाइल खोसिदिएपछि रुने र नास्ता समेत नखाइदिने गरेको आमा अप्सरा बताउँछिन् । उनी भन्छिन्,“पहिले-पहिले पढाई राम्रो थियो,कोभिडपछि मोवाइलबाटै पढ्ने बानि बसेपछि अहिले मोवाईल नभई हुँदैन, मोवाईलमा गेम खेल्ने र युट्युवमा भिडियोहरु हेर्ने गर्दा पढाईमा ध्यान दिदैनन् ।” छोरा खाली मोवाइलमा व्यस्त हुने, कुनै पनि काम नगर्ने, भनेको नमान्ने, अटेरी र जिद्धि स्वभावको हुने गरेको आमा अप्सराको भनाई छ । उनी भन्छिन्, “बच्चाहरू पढ्दै छन् मोबाइलमा चाहिने कुराहरू नै हेर्दै होलान् भन्यो युट्युवमा विभिन्न खालका भिडियोहरू हेर्ने, गेम खेल्ने गरेका हुन्छन्, उनीहरूले समयमा आफ्ना कुनै पनि काम नगर्ने र भनेकै नै मान्दैनन् ।” कक्षा ४ मा अध्ययनरत तानसेनका उमेश खड्का निकै चुलबुले स्वभावका थिए । *-बाँकी अन्तिम पेजमा...*

# आज सुरक्षित इन्टरनेट दिवस मनाइँदै




**पाल्पा,** माघ २६ /सुरक्षित इन्टरनेट दिवस आज नेपालमा पनि मनाइँदैछ । साइबर सुरक्षा सम्बन्धमा चेतना अभिवृद्धि गर्न बालबालिका तथा युवावर्गको लागि काम गर्ने संस्थाहरूबीच सामूहिक शक्ति विकास गर्ने उद्देश्यसाथ यो दिवस मनाउने गरिन्छ ।

सुरक्षित इन्टरनेट दिवस नेपाल सहित विश्वका १ सय ७० भन्दा बढी मुलुकमा मनाइँदैछ । नेपालमा भने सन् २०१९ देखि मात्र चाइल्डसेफनेटको पहलमा यस दिवस मनाउन थालिएको हो । यस दिवसले प्रविधिको सकारात्मक प्रयोगसम्बन्धी जानकारी दिन तथा अनलाइन सुरक्षाका लागि सरकारी निकायहरू, विद्यालयहरू, अभिभावकहरू, सामाजिक संस्थाहरूका साथै बालबालिका तथा युवाहरूले निर्वाह गर्नुपर्ने भूमिकाबारे जानकारी लिने अवसर उपलब्ध गराउँछ ।

*-बाँकी अन्तिम पेजमा...*

# पाल्पामा 'दोस्रो बगनासकाली महोत्सव' हुँदै




**पाल्पा,** माघ २६/ पाल्पाको बगनासकाली गाउँपालिका - १ चिलाङ्दीमा दोस्रो बगनासकाली महोत्सव हुने भएको छ । बगनासकाली गाउँपालिकाको संरक्षक, न्यू हिमाली युवा क्लव चिलाङ्दीको मुख्य आयोजनामा फागुन १ गतेदेखी १० गतेसम्म महोत्सव हुन लागेको हो ।

गाउँपालिकाले सोमबार पत्रकार सम्मेलन गरी महोत्सवबारे जानकारी गाराएको छ । जिल्लाको पर्यटन प्रवर्द्धन,स्थानीय उत्पादनको बजारीकरण, भाषाकला धर्म संस्कृति संरक्षाण र प्रवर्द्धन, स्थानीय उद्यमशीलताको प्रवर्द्धन, राजस्व अभिवृद्धि तथा मनोरञ्जन प्रदान गर्ने उद्देश्यले महोत्सव गर्न लागिएको गाउँपालिका अध्यक्ष सरस्वती दर्लामी चिदीले बताइन् ।उनले महोत्सवको तयारी तीव्र पारिएको जानकारी दिइन् । ग्रामीण क्षेत्रमा पनि महोत्सव सञ्चालन गर्न सकिन्छ भन्ने सन्देश गत वर्षको महोत्सवले दिएको र त्यहीबाट सिकेर अहिले पनि महोत्सव गर्न लागिएको अध्यक्ष चिदीको भनाई छ । महोत्सवको व्यापक प्रचार-प्रसारमा सहयोग गरिदिन उनले जिल्लाका पत्रकारहरुलाई आग्रह गरिन् । महोत्सवको मुख्य आकर्षकको रुपमा राम्दी पुल, कुँडुले घर र कृतिम ताल रहने अध्यक्ष चिदीले बताइन् । महोत्सवमा हरेक दिन स्थानीय कलासंस्कृति सहित स्थानीय कलाकारहरुलाई प्राथमिकता दिइने छ । साथै राष्ट्रियस्तरका कलाकारहरुको बेजोड प्रस्तुती रहने उनको भनाई छ । महोत्सवमा भजनकृतन प्रतियोगिता, सामुहिक नृत्य प्रतियोगिता र एकल लोक गायन प्रतियोगिता रहनेछ ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## सुरक्षित इन्टरनेट दिवसको सन्दर्भ

**हरेक फेब्रुअरी महिनाको दोस्रो हप्ता विश्वभर सुरक्षित इन्टरनेट दिवस मनाइन्छ । विश्वभर नै इन्टरनेट चलाउनेको संख्या बढ्दै गएपछि त्यसको कसरी सुरक्षित प्रयोग गर्न सकिन्छ भन्ने चेतना जगाउने उद्देश्यसहित यो मनाउन थालिएको हो । यस दिन विश्वका धेरै देशले इन्टरनेट प्रयोग गर्दा भएका कठिनाइ, समस्या र असुरक्षाका विषयमा विभिन्न किसिमका कार्यक्रम आयोजना गर्छन् । इन्टरनेट सुरक्षासँग सम्बन्धित रहेर मानिसलाई सचेत बनाउने विभिन्न किसिमका सामग्री पनि प्रस्तुत गर्छन् । विश्वले सूचना तथा प्रविधिको क्षेत्रमा निकै ठूलो फड्को मारेको छ । सूचना प्रविधिकै कारण विश्व साघुरो घेरामा सिमित बन्न पुगेको छ । नेपालले पनि सूचना प्रविधिलाई पछ्याउँदै अगाडि बढेको अवस्था छ । इन्टरनेट तथा अनलाइनको माध्यमबाट धेरै कामहरु छिटो छरितो र सहज भएका छन् । यो आफैमा सकारात्मक पक्ष हो । तर अनलाइनको प्रयोगबाट केही नकरात्मक काम पनि नभएका भने होइन । अनलाइनकै माध्यमबाट धेरै अपराधिक क्रियाकलापहरु भएका छन् । यस्तो हुनु दुःखद् हो । सूचना प्रविधिमार्फत नै नयाँ कुराहरू सिक्ने, नयाँ मानिसहरू भेट्ने, पुग्न नसकेका ठाउँहरूको बारेमा थाहा पाउने लगायतका अवसरहरू प्राप्त गरिएको छ । तर, उचित सूचना वा मार्गदर्शन नहुँदा इन्टरनेट जगतमा दुर्व्यवहार, शोषण तथा हिंसा जस्ता विभिन्न जोखिमहरूको पनि सामना गर्नु परेको यार्थता छ । इन्टरनेटको सुरक्षित प्रयोग गर्नको लागि आफूले इन्टरनेटमा गर्ने गतिविधिले आफूलाई के प्रभाव पार्छ भनेर बुझ्न आवश्यक छ ।**

**डिजिटल प्रविधिको असुरक्षित प्रयोगले मानिसलाई अनलाइन यौन दुर्व्यवहार एवं शोषण, साइबर जस्ता गम्भीर जोखिमहरूप्रति संवेदनशील बनाउँछ । यस्ता जोखिमहरू कम गर्न यो मनाउने गरिन्छ । आज पनि विविध कार्यक्रमहरुको आयोजना गरी नेपालमा यो दिवस मनाउन लागिएको छ । युरोपेली आयोग तथा युरोपभरिका राष्ट्रिय सुरक्षित इन्टरनेट केन्द्रहरूको सहयोगमा इन्सेफ तथा इनहोम नामक संस्थाहरूद्वारा संयुक्त रूपमा संयोजन गरिने सुरक्षित इन्टरनेट दिवस विश्वका १ सय ७० भन्दा बढी राष्ट्रहरूमा मनाइन्छ । सन् २०१९ देखि चाइल्डसेफनेटले नेपालमा सुरक्षित इन्टरनेट दिवसको आयोजना र प्रवर्द्धन गर्ने जिम्मेवारी पाएको थियो । तर यो दिवस औपाचारिकतामा मात्र सिमित हुन पुग्दा यसले सार्थक रुप लिन सकिरहेको छैनन् । अब प्रविधिको सकारात्मक प्रयोग सम्बन्धी जानकारी प्रकाशमा ल्याउन सके मात्र सुरक्षित इन्टरनेट दिवस मनाउनुको सार्थकता रहन्छ ।**

## Opinion @ Socia Network

सफलताको भोक एति सम्म लागोस् की
पछाडि फर्केर हेर्दा पश्चताब गर्ने मौका नमिलोस ।
*(समिता सारुको **फेसबुक स्टाटसबाट** www.facebook.com/Samita.Saru)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# ६२ लाख गरिबहरूको भोट कसलाई ?



## रिसव गौतम

***खासगरी गरिबको भोट लिएर सत्तामा पुगेका कथित कम्युनिस्ट भन्नेहरूले गरिबहरूको हितमा कामै गरेनन् । फलस्वरूप गरिबी घटेन, बरु बढ्यो । यसै सन्दर्भमा यही फागुन २१ गते आम निर्वाचन हुँदैछ। सो निर्वाचनमा ६२ लाखभन्दा बढी गरिबहरू कसलाई भोट हाल्लान् ? तिनैलाई ? जसले उनीहरूको पक्षमा कुनै कामै गरेनन् । कतै गरिबहरूको भोट धनीहरूको स्वार्थ सिद्धिका लागि प्रयोग हुने त होइन ? भन्ने प्रश्न यक्ष छ । दलहरूले अहिले आ–आफ्ना उम्मेदवारहरूलाई निर्वाचन आयोगमा उम्मेदवारी दर्ता गराइरहेका छन् । कतिपय पत्रकार अथवा सामाजिक अभियन्ताहरूले पनि स्वतन्त्र ढङ्गबाट उम्मेदवारी दिएका छन् । निर्वाचन पर्व भव्य रूपमा लागिरहेको छ । यसै सन्दर्भमा मतदाताहरूले, खासगरी यस आलेखमा चर्चा गर्न लागिएको ६२ लाख गरिब मतदाताहरूले कसलाई भोट हाल्ने ? बडो ख्याल गर्न जरुरी छ ।***

घट्नुपर्ने गरिबी केही वर्षयता बढिरहेको छ । राष्ट्रिय योजना आयोगको १५औं आवधिक योजनाले गरिबी १० प्रतिशतमा झार्ने लक्ष्य राखेको थियो । तर, केही दिनअघि मात्र राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको 'गरिबीको लघुक्षेत्र अनुमान २०८२' प्रतिवेदनअनुसार कुल जनसङ्ख्याको २०.२७ प्रतिशत जनता गरिबीको रेखामुनि छन् । अर्थात्, कुल जनसङ्ख्याको ६२ लाख ६६ हजार १४५ जना गरिबीमा छन् । एकातिर गरिबी झन्–झन् बढेको छ भने अर्कोतिर अर्बपति धनीहरू बढिरहेका छन् । देशको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) बढेर ६३ खर्ब पुगेको छ, जनसङ्ख्या खासै बढेको छैन तर घट्नुपर्ने गरिबी बढिरहेको छ । अर्थात्, स्पष्ट रूपमा देशमा धनी र गरिबबिचको खाडल बढिरहेको छ । असमानता र आर्थिक अन्याय बढिरहेको छ । स्रोत र साधनमाथि धनीहरूको वर्चस्व बढिरहेको छ । जनगणना २०७८ को अघिल्लो वर्ष २०७७ मा राष्ट्रिय योजना आयोगले सार्वजनिक गरेको एक प्रतिवेदनअनुसार नेपालको राष्ट्रिय गरिबी १८.६ प्रतिशत र बहुआयामिक गरिबी २८.६ प्रतिशत रहेको देखाएको थियो । तर, जनगणना २०७८ र त्यसपछिको ४ वर्षमा पनि गरिबी घट्नुको साटो २०.२७ प्रतिशतमा उक्लिएको छ । यसले के देखाउँछ भने सरकारले गरिब तथा किसानको पक्षमा, उपेक्षितहरूको पक्षमा यसबिच कामै गरेन । खासगरी गरिबको भोट लिएर सत्तामा पुगेका कथित कम्युनिस्ट भन्नेहरूले गरिबहरूको हितमा कामै गरेनन् । फलस्वरूप गरिबी घटेन, बरु बढ्यो । यसै सन्दर्भमा यही फागुन २१ गते आम निर्वाचन हुँदैछ। सो निर्वाचनमा ६२ लाखभन्दा बढी गरिबहरू कसलाई भोट हाल्लान् ? तिनैलाई ? जसले उनीहरूको पक्षमा कुनै कामै गरेनन् । कतै गरिबहरूको भोट धनीहरूको स्वार्थ सिद्धिका लागि प्रयोग हुने त होइन ? भन्ने प्रश्न यक्ष छ । दलहरूले अहिले आ-आफ्ना उम्मेदवारहरूलाई निर्वाचन आयोगमा उम्मेदवारी दर्ता गराइरहेका छन् । कतिपय पत्रकार अथवा सामाजिक अभियन्ताहरूले पनि स्वतन्त्र ढङ्गबाट उम्मेदवारी दिएका छन् । निर्वाचन पर्व भव्य रूपमा लागिरहेको छ । यसै सन्दर्भमा मतदाताहरूले, खासगरी यस आलेखमा चर्चा गर्न लागिएको ६२ लाख गरिब मतदाताहरूले कसलाई भोट हाल्ने ? बडो ख्याल गर्न जरुरी छ ।

अहिले निर्वाचनको सैारमा भोटका लागि ग्रामीण भेगका दूरदराजका गरिब जनताको घरआँगनमा भोट माग्न उम्मेदवारहरू जान थालिसकेका छन् । वर्षभरि काठमाडौं वा ठुला सहर बजारमा बस्ने र रमाउने अनि चुनाव आएपछि गरिबका दैलो चहार्ने नेपाली नेताहरूको पुरानै रोग हो। मतदाताहरूले यसपटक त्यस्ताहरूलाई चिन्न जरुरी छ । भोट भनेको त्यो एक भोट मात्र होइन, सही सदुपयोग गर्न जान्दा सुनौलो नेपाल बनाउने कडी पनि हो । सही उम्मेदवार र पार्टीलाई छनोट गरी दिइने भोटले नागरिकको विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्न धेरै मद्दत गर्दछ । फेरि नेपाली जनता भोट हाल्ने बेलामा बहकिने, कसैको दबाब वा प्रभावमा पर्ने, सही-गलत छुट्ट्याउने गरी उम्मेदवार र दलहरूको 'सामाजिक अडिट' नगर्ने तर पछि भने ४ वर्षसम्म पछुताउने गर्छन् । अब आसन्न फागुन २१ को चुनावमा विगतका ती गल्तीहरू हरेक मतदाताहरूले सच्याउन जरुरी छ । अत्यन्तै सोचेर, बुझेर, दलहरूको विगतका काम र भाषणको अडिट गरेर भोट दिनुपर्छ । अझ ६२ लाख ६६ हजार जो गरिब तथा विपन्न नागरिक छन्, उनीहरूले त झनै सोच्न जरुरी छ। विगतमा उनीहरूलाई कुन-कुन दलहरूले कस्ता-कस्ता आश्वासनका पोका बाँडे र कति काम गरे ? कसले ठगे र कसले गर्न खोजे, त्यो मूल्याङ्कन गर्न जरुरी छ । खासगरी गरिब जनताले असमानता घटाउने, गरिबहरूको एजेन्डामा काम गर्ने, रोजगारी र आर्थिक विकासलाई महत्त्व दिने दलहरू रोज्न जरुरी छ । यदि ६२ लाख गरिब जनताले सहरबाट गाउँ पसेका वा सहरी गरिबी नै झेलिरहेकाहरू माझ आउने कुनै झिल्के उम्मेदवारको बहकाउ वा मिठा भाषणमा पर्नै हुँदैन । गरिबहरूले बुझ्नुपर्छ कि धनीहरूको वकालत गर्ने पार्टी वा दलहरूले गरिबका एजेन्डामा काम गर्दैनन् । उनीहरूका खास एजेन्डा भनेको धनीहरूलाई थप धनी हुन सघाउनु हो । त्यसमा उनीहरू दत्तचित्त भएर लागि पर्छन् । त्यसकारण झिल्के उम्मेदवार वा पुँजीवादको पैरवी गर्नेहरूलाई गरिबहरूले भोट नै दिनु हुँदैन । उनीहरूले चिल्ला कुरा गर्न सक्छन्, दुई हात जोडेर नमस्कार गर्न सक्छन्, दुई छाक मासुभातको अफर गर्न सक्लान् र दुई-चार हजार खर्चन (वा हत्कण्डा रच्न) पनि सक्छन् । त्यतातिर किञ्चित लाग्नै हुँदैन । जुन पार्टीले समाजवादको कुरा गरेको छ, समानताको, आर्थिक तथा सामाजिक न्यायको, रोजगारीको, गरिबहरूको स्तर उन्नतिको कुरा गरेको छ, उसैलाई हो भोट दिनुपर्ने । जति नै चिल्ला कुरा गरे पनि, विदेशको पुँजीवादी शिक्षा र डिग्री थोपरेको भए पनि तिनीहरूको बहकाउमा गरिब जनता पर्नै हुँदैन । अहिले धेरै मान्छेहरू विदेशमा अकुत सम्पत्ति कमाएपछि अवसरको खोजीमा नेपाल झरेका छन् । एकाधबाहेक धेरै त उनीहरू अवसरका लागि चुनाव लडिरहेका छन् । चुनाव हारेको केही महिनापछि नै उनीहरू पलायन हुन पनि सक्छन् । त्यसकारण देशलाई नै माया गर्ने, आफ्नै देशको माटोमा लडीबुडी खेलेको, सामाजिक भावना भएको, समाजसेवाको 'ब्याकग्राउन्ड'बाट आएको र समानता एवं न्यायको खातिर लडिरहने मान्छेहरूलाई चुनावमा रोज्नुपर्छ । भलै उसले कम पढेको होस् केही छैन । नेताहरू सबै धेरै-धेरै पढेकै मात्र आउनुपर्छ भन्ने पनि त छैन । असल भावना र देशप्रेम भएको लचिलो नेतृत्वले अरूको सल्लाह सुन्दछ । फेरि नेताले त काम गराउने हो । राम्रो टिम बनाएर असल नियतले काम गर्ने हो। त्यसकारण आसन्न चुनावमा कोही पनि बहकिनु हुँदैन । न गरिब, न धनी वा न त मध्यम वर्ग । यथार्थमा राजनीति भनेको त्याग र समर्पण हो । र, यो त समाजसेवाको उच्चतम रूप हो । त्यसकारण पनि नेतृत्वमा अथाह त्याग, समर्पण, लचिलोपन, समाजसेवी भावना होस् । जनतालाई परेको समस्या र पीरमर्का उसले आफैँलाई परेको ठानेर मलहम लगाउन तत्पर होस् । हो, त्यस्तो नेतृत्व हामीले चुन्नुपर्छ । अहिले त धेरैजसो अलिकति देश तथा विदेशमा रहेर पैसा कमाएका, सुकिला-मुकिला देखिने, महँगा-महँगा गाडी-घोडा चढ्नेहरू चुनावमा च्याँखेदाउ थापिरहेका छन्। विभिन्न दलहरूलाई पैसा र आफ्ना चलाखीको बलमा उनीहरूले नै टिकट हत्याएका छन् । सोझा र इमानदारहरूको हात खाली भइरहेको देखिन्छ । खासगरी जग्गा दलाल, कृषियोग्य भूमिहरूलाई टुक्रा-टुक्रा पारेर प्लटिङ गरी गरिबहरूलाई महँगोमा भिडाएर बैंक तथा वित्तीय संस्था डुबाएकाहरू चुनावी मैदानमा देखिएका छन् । त्यसैगरी सरकारका अर्बौंका विकासे ठेक्का लिएर त्यसै काम नगरी बसेका गलत मानिसहरू पनि फ्रन्ट लाइनमा देखिएका छन् । अझ सहकारी ठग, ज्यान मुद्दाका दोषी, गाँजाडीहरू, ट्यापे, गुन्डा, माफिया र विदेशीका एजेन्टहरूलाई त भोट दिनै हुँदैन। बरु सोझोलाई, लाटोलाई नै दिनुस् तर स्वार्थी, चण्डाल, फटाहाहरूलाई किञ्चित भोट दिँदै नदिनुहोस् । कसलाई भोट दिने भन्ने कुरामा एउटा मापदण्ड नै बनाउनुस् । तात्तातो मन्त्री, सांसद, गाडी-घोडा, रवाफका लागि धेरै धूर्त मानिसहरू तपाईंका आँगनमा आइपुग्न सक्छन् । उनीहरूलाई चिन्नुपर्ने बेला आएको छ । नयाँ वा पुरानो नभन्नुहोस् । जसमा राजनीतिक कल्चर छ, जो व्यावहारिक छ, जसले अरूलाई इज्जत गर्छ, भाषणभन्दा पनि केही गर्ने हुटहुटी राख्छ, जसले गरिबहरूलाई पनि माथि उठाउने र सम्मान गर्ने विचारधारा बोकेको छ, हो, त्यस्ताहरूलाई जिताउनुपर्छ । चाहे त्यो साइकल चढेर भोट माग्न आएको होस्, एक्लै आएको होस्, पुरानो कोट लगाएको होस्, त्यसको मतलब नगर्नुहोस् । आफ्नो मतदान वास्तविक रूपमा एउटा महान् उम्मेदवारलाई दिनुहोस् । यदि त्यस्ता उम्मेदवार नै कसैलाई देख्नुभएन र मनै लागेन भने बरु भोटै नदिनुहोस् ।

***-रातोपाटी डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कार्यक्षेत्रमा कामको प्रशंसा हुनेछ। दाम्पत्य जीवन सुमधुर रहनेछ। | **तुला** : मान सम्मानमा वृद्धि हुनेछ। पेशामा अधिकारी वर्गहरू सहयोगी सिद्ध हुनेछन्। |
| **वृष** : मेहनतिहरूको लागि दिन अनुकुल रहेको छ। व्यवसायमा सामान्य लाभ रहनेछ। | **वृश्चिक** : आकांक्षा पूरा गर्न दौडधुप धेर गर्नुपर्ला।स्वास्थ्यलाई लिएर सजग रहनुहोस्। |
| **मिथुन**: जटिल ठानेका कार्यसम्पादन हुनेछन्। आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। | **धनु** : अध्यापनको क्षेत्र सबल रहनेछ। नयाँ कार्यप्रति जोश र उत्साह जाग्नेछ। |
| **कर्कट** : कुनै कुराले गर्दा मनमा अशान्ति रहनेछ। साथीहरूबाट सहयोग मिल्नेछ। | **मकर** : माननीय जनहरूको साथ वा सहयोगले रोकिएका कार्य पुन: प्रारम्भ हुनेछन्। |
| **सिंह** : सामानको जिम्मेवारी स्वयंम राखौं। पायक स्थानमा भ्रमणका योग छन्। | **कुम्भ** : विद्यार्थीहरूलाई शिक्षाको क्षेत्रमा गुरुजनहरूको सहयोग मिल्नेछ। |
| **कन्या** : बोलि र व्यवहारले विवाद उत्पन्न गराउन सक्छ सावधान रहनुहोला। | **मीन** : आलस्य वा लगनशीलताको कमीले गर्दा अनुकूल परिणाम प्राप्त नहोला। |


## विज्ञान/सूचना प्रविधि

# व्यक्तिगत डाटा संरक्षणका लागि कानुन नहुँदा चोरीका घटना बढ्दै




पछिल्ला वर्षहरूमा नेपालमा नागरिकका विवरणलाई बैंकिङ, सामाजिक सुरक्षा, बिमा र सरकारी सेवासँग जोड्दै 'डिजिटल इकोसिस्टम' निर्माण गर्ने क्रम बढेको छ । एउटै परिचयका आधारमा सेवा दिने र कागजी झन्झट हटाउने सरकारी दाबी रहे पनि यसका लागि सङ्कलन गरिने नागरिकका संवेदनशील विवरणको सुरक्षाका लागि भने स्पष्ट नीति र कानुन बनेको छैन । राज्य र निजी क्षेत्रले नागरिकका नाम, बायोमेट्रिक, स्वास्थ्य, सम्पत्ति र डिजिटल गतिविधिसम्बन्धी विवरण सङ्कलन गरे पनि ती विवरणको सुरक्षा, गोपनीयता र प्रयोगबारे नागरिकलाई कुनै जानकारी दिइँदैन । सङ्कलित डाटा सुरक्षित नहुँदा पहिचान चोरी, आर्थिक ठगी, सामाजिक बदनामी र राष्ट्रिय सुरक्षामा समेत जोखिम बढ्ने विज्ञहरूले औंल्याएका छन् । नेपालमा व्यक्तिगत डाटा संरक्षणलाई केवल प्राविधिक विषयका रूपमा मात्र हेरिएको छ, जबकि यो नागरिक अधिकार र राष्ट्रिय सुरक्षासँग जोडिएको गम्भीर मुद्दा हो । नीति अनुसन्धान प्रतिष्ठानका दीपेन्द्रप्रसाद पन्तका अनुसार विद्यमान वैयक्तिक गोपनीयतासम्बन्धी ऐन र नियमावलीले डिजिटल डाटाको सुरक्षालाई पूर्ण रूपमा समेट्न सकेको छैन । डाटा चुहावट हुँदा त्यसको जिम्मेवारी कसले लिने र पीडितले कसरी क्षतिपूर्ति पाउने भन्ने कानुनी व्यवस्था नहुँदा डाटा सुरक्षालाई प्राथमिकता दिने संस्कार नै बस्न सकेको छैन । प्रधानमन्त्री कार्यालयअन्तर्गतको ई-गभर्नेन्स बोर्डले तयार पारेको 'व्यक्तिगत डाटा संरक्षण नीति, २०८२' को मस्यौदा लामो समयदेखि अलपत्र पर्दा डाटा वर्गीकरण र साझेदारीको मापदण्ड अन्योलमै छ । सरकारले सेवालाई कागजरहित (पेपरलेस) बनाउने घोषणा गरे पनि डिजिटल पूर्वाधारहरूको सुरक्षा अवस्था कमजोर छ । सूचना प्रविधि विभागले गरेको सेक्युरिटी अडिटमा धेरै सरकारी प्रणालीहरू असुरक्षित देखिएका छन् । साइबर सुरक्षाविद् विजय लिम्बुका अनुसार प्रभावकारी कानुन र नियामक निकाय नहुँदा विदेशी सूचना प्रविधि कम्पनीहरू नेपालमा काम गर्न मान्दैनन् । डाटा सङ्कलन गर्ने निकायले सुरक्षा, भण्डारण र विसर्जनको स्पष्ट मापदण्ड पालना गरेका छैनन् भने अर्कोतिर डाटा अडिट गर्ने चलन पनि बस्न सकेको छैन । पछिल्लो समय सरकारी वेबसाइट ह्याक हुने, र्‍यान्समवेयर आक्रमण हुने र निजी कम्पनीहरूबाट ग्राहकका विवरण चोरी हुने क्रम बढेको छ । नेपाल टेलिकमको नेटवर्क प्रयोग गरी अनधिकृत म्यासेज पठाउने, निर्वाचन आयोग र राहदानी विभागजस्ता संवेदनशील निकायका प्रणालीमा आक्रमणको प्रयास हुने तथा फुडमाण्डु र भायोनेटजस्ता निजी कम्पनीबाट लाखौं ग्राहकका विवरण सार्वजनिक हुने घटना यसका उदाहरण हुन् । प्रहरीको साइबर ब्युरोमा उजुरीको सङ्ख्या बढ्दै गए पनि कारबाही केवल ह्याकरमा सीमित हुने गरेको छ । डाटा सङ्कलन गरेर पनि त्यसको सुरक्षा गर्न नसक्ने सरकारी वा निजी संस्थालाई जवाफदेही बनाउने र कारबाही गर्ने कानुनी व्यवस्था नहुँदा नागरिकको गोपनीयता सधैं जोखिममा छ । *-रासस*

# आइएसएसको अन्त्य, सहकार्यको युग सुरु हुने



अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशन (आइएसएस) सन् २०३० मा पृथ्वीमा फर्किँदा यसले करिब तीन दशक लामो शान्तिपूर्ण अन्तर्राष्ट्रिय सहकार्यको अन्त्यलाई सङ्केत गर्नेछ । साथै, अन्तरिक्ष मानव जीवन र विश्वव्यापी सहकार्यको केन्द्र बनेको एउटा महत्त्वपूर्ण युगको समाप्ति पनि यसले जनाउनेछ । नोभेम्बर २००० यता, फुटबल मैदानको आकार बराबरको वैज्ञानिक प्रयोगशालामा सधैँ मानिसहरूको उपस्थिति रहँदै आएको छ । पृथ्वी वरिपरि करिब आठ किलोमिटर प्रतिसेकेन्डको गतिमा परिक्रमा गर्ने आइएसएसले वैज्ञानिक अनुसन्धान, प्रविधि विकास र मानवीय सहकार्यलाई निरन्तर अघि बढाउँदै आएको छ । अन्तरिक्ष यात्रीहरूको नयाँ टोली आगामी हप्तामै स्टेशनतर्फ प्रस्थान गर्न तयारी अवस्थामा रहँदा, जमिनबाट आइएसएसलाई सहयोग गर्ने धेरै व्यक्ति यसको आसन्न अन्त्यप्रति भावुक देखिएका छन् । नासाको विज्ञान तथा मिसन सिस्टम अफिसका पूर्वप्रबन्धक जोन होर्याकले आइएसएस सीमा, भाषा र संस्कृतिभन्दा माथि उठेर मानवीय सहयोग र सहकार्यको केन्द्र बनेको बताए । उनले २५ वर्षभन्दा बढी समयदेखि अन्तरिक्षमा २४ घण्टा, वर्षभरि मानिसको उपस्थिति रहनु मानव इतिहासकै असाधारण उपलब्धि भएको उल्लेख गरे । उनका अनुसार, आइएसएसले समस्या समाधानमा टकरावभन्दा सहकार्य रोज्ने मानव क्षमताको स्पष्ट प्रमाण प्रस्तुत गरेको छ । शीतयुद्धपछि अन्तरिक्ष दौडका पुराना प्रतिद्वन्द्वी रुस र संयुक्त राज्य अमेरिकाबीचको सहकार्यको नयाँ भावना झल्काउँदै आइएसएसको प्रस्ताव अघि बढाइएको थियो । युक्रेनमा मस्कोको युद्धका कारण रुस र पश्चिमबीच धेरै सम्बन्ध चिसिँदै गए पनि अन्तरिक्ष स्टेशनमा सहकार्य भने निरन्तर जारी रहनु उल्लेखनीय मानिएको छ । फ्रान्सको अन्तरिक्ष एजेन्सी सिएनइएसका लियोनेल सुचेतले मानव अन्तरिक्ष उडानको इतिहास पहिलो र सबैभन्दा महत्त्वपूर्ण अन्तरिक्ष दौड भएको बताए । उनले आइएसएसको विकासलाई अन्तरिक्ष अन्वेषणको दृष्टिले अत्यन्तै रोचक चरणका रूपमा वर्णन गरे । सुचेतले सन् २००१ मा मिर स्पेस स्टेसनको डि-अर्बिटिङ देखेपछि आइएसएसका प्रारम्भिक परियोजनाहरूको समन्वय गरेको अनुभव पनि स्मरण गरे । यद्यपि समयसँगै आइएसएस पुरानो बन्दै गएको छ र यसका धेरै उपकरणहरू पनि म्याद सकिने चरणमा पुगेका छन् । नासाले गत वर्ष एलन मस्कको स्पेसएक्सलाई सन् २०३० मा आइएसएसलाई पृथ्वीको वायुमण्डलतर्फ सुरक्षित रूपमा फिर्ता ल्याउन सक्ने विशेष वाहन निर्माणको जिम्मा दिएको घोषणा गरेको थियो । होर्याकका अनुसार, शक्तिशाली रकेट इन्जिन प्रयोग गरेर आइएसएसको गति कम गरिनेछ र यसलाई जमिन, मानिस वा अन्य कुनै सम्भावित जोखिमबाट टाढा राख्दै प्रशान्त महासागरको दुर्गम क्षेत्रमा पुन:प्रवेश गराइनेछ । यसअघि मिरसहित धेरै अन्तरिक्ष यान र टेलिस्कोपहरू पोइन्ट नेमो भनिने यही समुद्री क्षेत्रमा खसालिएका थिए । सन् २०३० पछि पृथ्वीको तल्लो कक्षामा चीनको तियाङ्गोङ अन्तरिक्ष स्टेशन मात्र रहनेछ । भविष्यलाई लक्षित गर्दै अमेरिकाले निजी कम्पनीद्वारा निर्माण र सञ्चालन गरिने अन्तरिक्ष स्टेशनतर्फ बढी ध्यान केन्द्रित गरिरहेको छ । होर्याकले रकेट र उपग्रहमा जस्तै अन्तरिक्ष स्टेशनहरू पनि व्यावसायिक आयामतर्फ अघि बढिरहेको बताए । यस अवस्थामा राष्ट्रिय अन्तरिक्ष एजेन्सीहरूले निजी कम्पनीलाई शुल्क तिरेर आफ्ना अन्तरिक्ष यात्री पठाउनुपर्ने अवस्था आउनेछ । जेफ बेजोसको ब्लु ओरिजिन र एक्सिओम स्पेसलगायत कम्पनीहरूले पहिलो व्यावसायिक अन्तरिक्ष स्टेशन निर्माणका योजना अघि बढाइरहेका छन् । सुचेतका अनुसार यस्ता परियोजनाहरूको व्यापार मोडेल अझै पनि धेरै हदसम्म संस्थागत नै रहनेछ, किनकि देशहरू पृथ्वीको तल्लो कक्षामा अन्तरिक्ष यात्री पठाउन सधैँ इच्छुक रहनेछन् । उनका अनुसार वैज्ञानिक अनुसन्धान र अन्वेषण सम्पूर्ण मानवताको साझा उद्देश्य बनेको छ । मानव चन्द्रमामा पुगेपछि अन्तरिक्षमा राष्ट्रहरूको व्यवहार नियमन गर्ने सन्धिहरू यथावत् रहने कि नहुने भन्ने प्रश्न खुला नै रहेको छ । अमेरिका र चीन दुवैले चन्द्रमामा आधार निर्माण गर्ने योजना अघि सारेका छन् । होर्याकका लागि आइएसएसको अन्त्य भावनात्मक रूपमा निकै दु:खद क्षण हो । उनले आफ्ना छोराछोरीले आँगनमै उभिएर आइएसएसको उडान हेर्दै हुर्किएको अनुभव सम्झिए तर उनका अनुसार, एउटा युगको अन्त्यले अर्को युगको सुरुआत पनि जनाउँछ । मानवले अन्तरिक्ष यात्रा क्षमता, अन्तरिक्ष अन्वेषण र अन्तरिक्षको उपयोगमार्फत सामाजिक, आर्थिक, शैक्षिक तथा जीवनस्तर सुधारतर्फ अझ अघि बढ्नुपर्ने उनको धारणा छ । युरोपेली अन्तरिक्ष एजेन्सीका पूर्वप्रमुख जीन-ज्याक डोर्डेनको भनाइ उद्धृत गर्दै उनले भने, "छिटो जान चाहनुहुन्छ भने एक्लै जानुहोस् । धेरै टाढासम्म जान चाहनुहुन्छ भने सँगै जानुहोस् ।" *-रासस*

# सूर्यको शक्तिशाली सौर्य ज्वाला पृथ्वीमा रेडियो सञ्चार अवरुद्ध




यो साता सूर्यले निकै आक्रामक रूप देखाउँदै बुधबार अर्को शक्तिशाली सौर्य ज्वाला (सोलार फ्लेयर) निकालेको छ । 'एक्स ४.२' श्रेणीको यो शक्तिशाली ज्वालाका कारण पश्चिमी अफ्रिका र दक्षिणी युरोपका केही भागमा रेडियो सञ्चारमा क्षणिक अवरोध उत्पन्न भएको छ । सूर्यको सतहमा रहेको 'एआर४३६६' नामक सनस्पट समूहबाट यो विस्फोट भएको हो, जुन पछिल्ला केही दिनदेखि लगातार सक्रिय देखिएको छ । एक्स-क्लासका सौर्य ज्वालाहरू सबैभन्दा शक्तिशाली मानिन्छन्, जसले पृथ्वीको माथिल्लो वायुमण्डलमा विकिरणको बाढी ल्याउँदै सञ्चार प्रणालीमा असर पुर्‍याउँछन् । वैज्ञानिकहरूका अनुसार यो विस्फोटका साथै कोरोनल मास इजेक्सन (सीएमई) अर्थात् प्लाज्माको ठूलो मुस्लो भने बाहिरिएको सङ्केत देखिएको छैन । यद्यपि, अघिल्लो पटक भएको अर्को ठूलो विस्फोट (एक्स ८.४) बाट निस्किएको केही सौर्य पदार्थ पृथ्वीको नजिक आइपुगेकाले आज वा भोलिसम्म सामान्य भू-चुम्बकीय आँधी (जी १) आउन सक्ने अनुमान गरिएको छ । अहिले सूर्यमा देखिएको यो 'सनस्पट ४३६६' क्षेत्र यति विशाल छ कि यसको चौडाइ पृथ्वीभन्दा १५ गुणा बढी छ । विशेष सुरक्षित चस्मा (सोलार एक्लिप्स ग्लास) को प्रयोग गरेर यसलाई पृथ्वीबाटै नाङ्गो आँखाले पनि देख्न सकिन्छ । एरिजोनाका खगोल फोटोग्राफर मार्क जोन्स्टनले यसको एउटा अद्भुत तस्बिर समेत कैद गरेका छन् । यो क्षेत्र अझै पनि पृथ्वीतर्फ नै फर्किएको र सक्रिय रहेकाले आगामी दिनमा यसले थप प्रभाव पार्न सक्ने भन्दै अन्तरिक्ष मौसमविद्हरूले नजिकबाट निगरानी गरिरहेका छन् ।

*-रातोपाटी डटकम*

# फेब्रुअरी १९ मा नयाँ आइफोन सार्वजनिक हुँदै



आइफोन प्रेमीहरूका लागि फेरि एकपटक उत्साहजनक खबर आएको छ । एप्पलले यही फेब्रुअरी महिनाभित्र आफ्नो नयाँ आइफोन १७ ई सार्वजनिक गर्ने तयारी गरिरहेको छ । गत वर्ष फेब्रुअरीमा एप्पलले आइफोन एसईलाई बन्द गर्दै आइफोन १६ई बजारमा ल्याएको थियो । यही फेब्रुअरी १९ मा एप्पलले 'आइफोन १७ ई' सार्वजनिक गर्ने तयारी गरिरहेको बताइएको छ । यो मोडेल आइफोनको पछिल्लो सिरिजभित्रको सबैभन्दा सुपथ मूल्यको आइफोन हुने अनुमान गरिएको छ । **सस्तो आइफोन तर महत्वपूर्ण अपग्रेड:** रिपोर्टहरूका अनुसार आइफोन १७ई मा अघिल्लो मोडेलको तुलनामा चारवटा प्रमुख सुधार देख्न सकिनेछ । डिजाइनका हिसाबले भने फोनमा धेरै ठूलो परिवर्तन हुने छैन । यसको बाहिरी स्वरूप धेरै हदसम्म आइफोन १६ई जस्तै रहनेछ । तर यसपटक सबैभन्दा चासोको विषय बनेको छ- स्क्रिनको नच हटाएर डाइनामिक आइल्याण्ड राख्ने कि नराख्ने भन्ने कुरा । विभिन्न श्रोतका अनुसार आइफोन १७ई मै एप्पलले डाइनामिक आइल्याण्ड राख्नसक्छ । स्क्रिनको माथिल्लो भागमा रहेको खाली ठाउँ अर्थात् नचलाई सफ्टवेयरमार्फत चलायमान बनाएर त्यो स्थानमा रियल टाइम गतिविधिहरू देखाउने फिचर नै डाइनामिक आइल्याण्ड हो । **शक्तिशाली चिप र नयाँ कनेक्टिभिटी** :प्रविधिको पक्षमा आइफोन १७ ईले ठूलो फड्को मार्ने अपेक्षा गरिएको छ । यसमा ए १९ चिपसेट प्रयोग गरिनेछ जसले फोनलाई अझ तेज र कम विद्युत खपत गर्ने बनाउनेछ । साथै एन वान चिपको प्रयोगले वाइफाइ ७ र ब्लुटुथ ६ जस्ता अत्याधुनिक कनेक्टिभिटी फिचरलाई सपोर्ट गर्नेछ । यसका साथै एप्पलको नयाँ सी१एक्स मोडेम पनि यो फोनमा समावेश हुन सक्ने चर्चा छ । एप्पलका अनुसार यो दोस्रो पुस्ताको मोडेम अघिल्लो संस्करणभन्दा दोब्बर छिटो र अत्यन्तै उर्जा दक्ष हुनेछ । जसका कारण ब्याट्री ब्याकअप उच्च हुनुका साथै सुपरफास्ट फाइभ जी स्पीड पनि प्राप्त हुनेछ । आइफोन १७ ई मा अन्य मोडेलहरूजस्तै मेगासेफ सपोर्ट पनि रहनसक्ने अनुमान छ । आइफोन १६ईमा केवल ७.५ वाटको वायरलेस चार्जिङ उपलब्ध थियो । तर यसपटक २० वाटदेखि २५ वाटसम्मको म्याग्नेटिक वायरलेस चार्जिङ आउन सक्ने अपेक्षा गरिएको छ । यसले प्रयोगकर्तालाई म्याग्नेटिक वालेट, ब्याट्री प्याकजस्ता सामानहरु सजिलै प्रयोग गर्न सहयोग गर्नेछ । यो मोडेलको क्यामेराको कुरा गर्दा पछाडिको भागमा एउवटा ४८ मेगापिक्सेलको क्यामेरा हुने सम्भावना छ । यो फोनको मूल्य आइफोन १६ई कै जस्तो हुने र यसको सुरुवाती मूल्य ५९९ अमेरिकी डलर हुने बताइएको छ । **आइप्याड १२ पनि सँगै आउने** एप्पलले आइफोन १७ई सँगै आइप्याडको नयाँ संस्करण आइप्याड १२ पनि सार्वजनिक गर्न सक्ने चर्चा छ । यसको डिजाइन आइप्याड ११ जस्तै रहनेछ भने ए १८ चिप र ८ जिबीसम्मको र्‍याम उपलब्ध हुन सक्छ । साथै यसमा एप्पल इन्टेलिजेन्सको सपोर्ट पनि दिइने अपेक्षा गरिएको छ । यद्यपि आइप्याड १२ को मूल्यबारे भने एप्पलले अहिलेसम्म कुनै जानकारी सार्वजनिक गरेको छैन ।

*-अनलाइन खबर डटकम*

# रुद्रवेणी–वामीटक्सार सडक अवरुद्ध



**गुल्मी,** माघ २६/गुल्मीको रिडी( रुद्रवेणी-वामीटक्सार-सडकखण्ड सोमबारदेखि अवरुद्ध भएको छ । उक्त सडकखण्ड अन्तर्गत सत्यबती गाउँपालिकास्थित सिस्ने भिर क्षेत्रमा सडक स्तरोन्नतिको काम सुरु हुने भएको कारण केही समयका लागि सवारी आवागमन बन्द हुने भएको हो ।

सडक डिभिजन कार्यालय पाल्पाले राष्ट्रिय राजमार्ग अन्तर्गत अति संवेदनशील र साँघुरो स्थान सिस्ने भिरमा सडक चौडा गर्ने प्रयोजनका लागि कटिङ्ग गर्नुपर्ने जनाउँदै माघ २६ गतेदेखि फागुन १५ गतेसम्म उक्त सडक आंशिक रुपमा अवरुद्ध हुने भएको हो । उक्त काममा सहजीकरणका लागि सडक डिभिजन कार्यालयले जिल्ला प्रशासन कार्यालय गुल्मीलाई समन्वयका लागि पत्राचार अनुरोध गरको छ । उक्त अवधिमा दैनिक बिहान ६ बजेदेखि ९ बजेसम्म, बिहान १० बजेदेखि दिउँसो २ बजेसम्म र दिउँसो ३ बजेदेखि साँझ ७ बजेसम्म सवारी आवागमन पूर्ण रूपमा बन्द हुने भएको छ । त्यसैगरी सवारी आवागमन खुला हुने समय प्रत्येक दिन बिहान ९ देखि १० बजे, दिउँसो २ देखि ३ बजे र साँझ ७ बजेदेखि बिहान ६ बजेसम्म सवारी आवागमन खुला रहने जिल्ला प्रशासन कार्यालय गुल्मीले जनाएको छ । सवारी साधनका लागि वैकल्पिक मार्गका रूपमा बिहान र दिउँसोको समयमा सोता-तल्लोफाँट-रुपाकोट-दोकुवा-सलाघारी-चोरकाटे तथा साँझदेखि बिहानसम्म मजुवा-दम्का-रुपाकोट-म्यालपोखरी-चोरकाटे सडक प्रयोग गर्न सकिने जनाइएको छ । उक्त कार्यमा जिल्ला प्रशासन कार्यालय गुल्मीले मुसिकोट नगरपालिका र चन्द्रकोट गाउँपालिकालाई आवश्यक सहयोग, समन्वय तथा सहजीकरण गरिदिनसमेत अनुरोध गरेको छ । प्रशासनले सडक स्तरोन्नति कार्यलाई सफल बनाउन स्थानीय तह, सरोकारवाला निकाय र सर्वसाधारणको सहयोग अपेक्षा गरेको छ । *-रासस*

## आज सुरक्षित...

...हालको डिजिटल युगमा इन्टरनेटले ज्ञान, सूचना, सञ्चार र मनोरञ्जनको अभूतपूर्व अवसर प्रदान गरेको, तर सूचना प्रविधिको सही र सुरक्षित प्रयोग नहुँदा बालबालिका तथा युवाहरू अनलाइन यौन दुर्व्यवहार र शोषण, साइबर बुलिङ, साइबर, छलकपट (फिसिङ्ग) तथा सेक्स्टोर्सन (यौनजन्य फिरौती) मा पर्ने जोखिम रहेको बताइएको छ । अनलाइनमा बालबालिकालाई सुरक्षित राख्न चेतनामूलक कार्यक्रम सञ्चालन गर्नका लागि सुरक्षित इन्टरनेट दिवसलाई अझ बढी प्रभावकारी र व्यापक बनाउन सरकारले विभिन्न योजना बनाएको छ । सूचना प्रविधिको विकासले फड्को मारेसँगै यसले बालबालिका र युवालाई अनलाइनमा असुरक्षित बनाएको पनि छ । चाइल्डसेफनेट र युनिसेफको एक अध्ययन अनुसार नेपालमा पाँच जनामा एक जना बालिका र दश मध्ये एक जना बालक अनलाइन यौन दुर्व्यवहारमा पर्ने जनाएको छ ।

## इन्टरनेटमा फस्दै ...

...जत्तिबेला पनि साथीसँग खेल्न चाहने, साइकल कुदाउन घर बाहिर निस्किरहने उनलाई लकडाउनमा कोठामै राख्न हम्मे पऱ्यो । त्यसका लागि अभिभावकले इन्टरनेटमा भुलाउन जुक्ति निकाले । साउनमा दोस्रो चरणको लकडाउन सुरु भएपछि उनको विद्यालयले अनलाइन कक्षा सुरु गऱ्यो । त्यसपछि उनको अधिकांश समय इन्टरनेटमा बित्न थाल्यो । माघ पहिलो हप्तादेखि विद्यालय खुल्यो, तर उनी जानै मानेन् । विद्यालय जान नमान्ने, मोबाइल चलाइरहन खोज्ने, नदिँदा धेरै रिसाउने, समान फ्याँक्ने, फुटाउने गरे । त्यसपछि अभिभावकले विद्यालयसँग सम्पर्क गरेर अहिले उनलाई मनोपरामर्श दिने काम भइरहेको छ । इन्टरनेटको पहुँचले जनजीवन सहज भए पनि इन्टरनेटको सुरक्षित प्रयोग गर्न नसक्दा गलत सूचनाको बाढी र बालबालिका बढी समस्यामा पर्ने गरेका छन् । अभिभावकले व्यस्तता देखाउँदै भुलाउन मोबाइल वा कम्प्युटर प्रयोग गर्न दिने तर उनीहरूले के गर्दै छन् भन्ने ख्याल नगर्दा पनि बालबालिका इन्टरनेटको गलत लतमा फस्दै गएका छन् । बालबालिका तथा किशोर किशोरी इन्टरनेटमा के गरिरहेका छन् भन्नेमा अभिभावकले चासो लिने, सुरक्षित प्रयोगबारे बताउने र समस्यामा परे कानुनी उपचार खोज्ने हो भने इन्टरनेटबाट हुने असुरक्षा घट्ने जानकारहरू बताउँछन् ।

## पाल्पामा 'दोस्रो ...

...कौरा, सोरठी, पञ्चेबाजा, झ्याउरे, भजन, पाउधुरे लगायतका कलासंस्कृतिहरुको सामेत प्रस्तुति रहनेछ । महोत्सवमा टिकटदर सर्वसाधारणका लागि ८० र विद्यार्थीका लागि ५० रुपैयाँ हुनेछ । महोत्सवमा १ सय ९ वटा प्रदर्शनी तथा व्यापारिक स्टलहरु रहने छन् । १० वटा होटल रेष्टुरेन्ट रहने छन् । बाल उद्यान र अटोमोवाइलका स्टलहरु पनि रहने अध्यक्ष चिदीले बताइन् । महोत्सवमा बगनासकालीका किसानहरुले उत्पादन गरेको दुधको ताजा कुराउनी, खिर दुना टपरीमा खुवाउने व्यवस्था मिलाइने छ । यसको प्रवन्ध बगनासकाली बहुउद्देश्यीय सहकारी संस्थाले गर्ने आयोजकले जनाएको छ । महोत्सवमा स्थानीय किसानहरुबाट उत्पादित कृषि उत्पादनको प्रदर्शनी र कृषि उत्पादन शुलभ मूल्यमा खरिद विक्रीको व्यवस्था मिलाइनेछ । पत्रकार सम्मेलनमा पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेनाले महोत्सव सफलताको शुभकामना व्यक्त गरे । उनले विगतमा अन्य संघसंस्थाहरुले आयोजना गर्ने मेला महोत्सव भन्दा फरक र रचनात्मक ढंगले गर्न आयोजकलाई सुझाव समेत दिए । अध्यक्ष तिमिल्सेनाले स्थानीय मिडियाहरुलाई समेत प्राथमिकतामा राखेर कार्यक्रम गर्न आग्रह गरे । कार्यक्रममा पत्रकारहरुले राखेका जिज्ञासाको अध्यक्ष चिदीले जवाफ दिएकी थिइन् । अध्यक्ष चिदीको अध्यक्षता, उपाध्यक्ष हरी पाठकको स्वागत, प्रवक्ता टिका थापाको सञ्चालनमा कार्यक्रम भएको थियो ।

### खेलकुद समाचार

## स्कटल्यान्डले इटालीलाई ७३ रनले हरायो



**मुम्बई,** माघ २६/आईसीसी टी-२० विश्वकप क्रिकेटमा स्कटल्यान्डले इटालीलाई ७३ रनले हराएको छ । भारतको कोलकातामा रहेको इडेन गार्डेन्समा स्कटल्यान्डले दिएको २ सय ८ रनको लक्ष्य पछ्याएको इटालीले १६ ओभर ४ बलमा १ सय ३४ रन बनाउँदै सबै विकेट गुमायो । इटालीका बेन मानेन्टीले ५२ रन बनाए । स्कटल्यान्डका माइकल लिस्कले ४ विकेट लिए । यसअघि टस हारेर ब्याटिङ गरेको स्कटल्यान्डले २० ओभरमा ४ विकेट गुमाएर २ सय ७ रन बनायो । स्कटल्यान्डका जर्ज मुन्सेले ८४ रन बनाए । इटालीका अली हसन, ग्रान्ट स्टेवार्ट, थोमस ड्राका र जेजे स्मुट्सले १/१ विकेट लिए । यो जीतसँगै स्कटल्यान्ड २ खेलमा २ अङ्कसहित समूह 'सी' को दोस्रो स्थानमा उक्लिएको छ । स्कटल्यान्ड पहिलो खेलमा वेस्ट इन्डिजसँग ३५ रनले पराजित भएको थियो । इटालीको यो पहिलो खेल हो । प्रतियोगितामा २० वटा टोली चार वटा समूहमा विभाजन गरिएको छ । हरेक समूहका शीर्ष दुई टोली 'सुपर-एट' मा पुग्नेछन् । 'सुपर-एट' मा चार-चार वटा टोली दुई समूहमा बाँडिनेछन् । समूहका शीर्ष दुई टोली सेमिफाइनलमा पुग्नेछन् । १०औं संस्करणको टी-२० विश्वकपको फाइनल खेल आउँदो मार्च ८ मा हुनेछ ।


वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत

डस्प्लेमा

विज्ञापन

दिनुहोस्

व्यवसाय

बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


### अर्थ/कर्पोरेट समाचार

## नेप्से २६ अङ्कले घट्यो



**काठमाडौँ,** माघ २६ /साताको दोस्रो सेयर कारोबार दिन सोमबार नेप्से परिसूचक दोहोरो अंकले घटेर बन्द भएको छ । नेप्से २६ दशमलव ०५ अंकले घटेर २ हजार ६ सय ७२ दशमलव ९ विन्दुमा पुगेको हो ।

अघिल्लो दिन आइतबार नेप्से परिसूचक १० दशमलव २५ अंकले घटेको थियो । सो दिन ११ अर्ब ६५ करोड मूल्य बराबरको सेयर कारोबार भएको थियो । यसदिन नेप्से उच्च अंकले घट्दा कारोबार रकममा पनि आइतबारको तुलनामा कमी आएको छ ।

सोमबार विभिन्न ३ सय २४ कम्पनीको दुई करोड ६७ लाख ६६ हजार ३४७ कित्ता शेयर एक लाख दुई हजार २८१ पटक खरिदबिक्री हुँदा १० अर्ब ७७ करोड ३९ लाख १५ हजार २८९ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । कारोबारमा व्यापार समूह शून्य दशमलव २४ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । दुई सय १२ कम्पनीको शेयर मूल्य घट्दा ४२ को मात्रै बढेको छ । खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै नौ दशमलव ९७ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने मायाखोला हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्य ५ दशमलव ४० प्रतिशतले घटेको छ । यो अवधिमा कुनै पनि कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भएन् । कालिञ्चोक हाइड्रोपावरको सेयर ९ दशमलव ९७ प्रतिशतले बढ्दा राधी पावरको ९ दशमलव ११ प्रतिशत बढ्यो । यस्तै लिवर्टी इनर्जीको सेयर ७ दशमलव ८४ प्रतिशतले बढ्दा नेसनल हाइड्रोपावरको ५ दशमलव ९० र त्रिशूली जल विद्युत कम्पनीको ४ दशमलव ९९ प्रतिशतले बढ्यो । कारोबार रकमका आधारमा रिडी पावर शीर्षस्थामा रह्यो । सो कम्पनीले ७७ करोड बराबरको सेयर कारोबार गर्यो । एसवाइ प्यानल नेपालले ५४ करोड मूल्य बराबरको सेयर कारोबार गर्दा आँखु खोला जलविद्युतले ४८ करोड ,लिवर्टी इनर्जीले ३७ करोड र नगदी ग्रुप पावरले ३३ करोड बराबरको सेयर कारोबार गरे । कारोबारमा आएकामध्ये ४२ वटा स्टक्सको मूल्य बढ्दा २१२ वटाको घट्यो । ६ स्टक्सको मूल्य भने स्थिर रह्यो । ट्रेडिङ समूहको उपसूचक बाहेक बाँकी १२ वटै समूहको उपसूचक नकारात्मक देखिए । फाइनान्स समूहको उपसूचक २ प्रतिशतले घट्दा डेभलपमेन्ट बैंक,होटल्स एण्ड टुरिजम,लाइफ इन्स्योरेरुन्स,मनु एण्ड प्रो,नन लाइफ इन्स्योरेन्स र अन्य समूहको उपसूचक १ प्रतिशत बढीले घटे ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई